**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs. Date: 11.12.2025**

**लोकसभा सांकद सुब्बाः आज संसदीय सत्रमा**

आज संसदीय सत्रको शून्यकालमा, सिक्किमका लोकसभा सांसद इन्द्रहाङ सुब्बाले न्याय, मान्यता र संवैधानिक अधिकारको लागि जारी लड़ाईलाई पुनः पुष्टि गर्दै, सिक्किमका १२ छुटेका समुदायहरूलाई अनुसूचित जनजातिको सूनीमा समावेश गर्ने लामो समयदेखिको माग उठाए।

**लोकायुक्त सिक्किमका अध्यक्षले सिक्किमिका राज्यपाललाई भेटे**

लोकायुक्त सिक्किमका अध्यक्ष, ए .पी सुब्बाले लोकायुक्तका अधिकारीहरूको टोलीसँग, आज सिक्किमको लोकभवनमा राज्यपाल ओमप्रकाश माथुरलाई भेटे।

श्री सुब्बाले २०२४-२५ को एघारौं वार्षिक प्रतिवेदन The Institution of Lokeyukta अर्थात 'लोकायुक्त संस्था' राज्यपाल माथुरलाई प्रस्तुत गरे र लोकायुक्तका विभिन्न गतिविधि तथा कार्यहरूको बारेमा जानकारी दिए।

श्री माथुरले भन्नुभयो, प्रत्येक सार्वजनिक कर्मचारीले पूर्ण पार्दर्शिता, जवाफदेहिता र जिम्मेवारीका साथ काम गर्नुपर्छ। लोकायुक्तले राज्यको विकास प्रक्रियामा ठूलो योगदान दिन सक्छ, भनी पनि उहाँले भन्नुभयो।

**भोलिदेखि सिक्किममा सुपर कार र्याली शुरू हुने**

भारतीय सेनाको त्रिशक्ति कोरको तत्वावधानमा ब्ल्याक क्याट डिभिजनद्वारा समर्थित सुपर कार र्यालीको अनुभव गर्न सिक्किम तयार छ। र्यालीलाई 'द सुपरकार रूट – द इस्ट हिमालयन रोर च्याप्टर' नाम दिइएको छ। भोलि बिहान पश्चिम बंगालको सुकुनाबाट शुरू हुने तय भएको यो र्याली, बिहान ८ बजेतिर सिक्किमको रम्फु पुग्ने कार्यक्रम छ।

पर्यटन तथा नागरिक उड्डयान मन्त्री छिरिङ थेन्डुप भुटियाले सिक्किम प्रवेश गर्नुअघि फेरि र्यालीको उद्घाटन गर्नुहुनेछ। र्याली दिउँसो गान्तोक पुग्नेछ भने केही सुपरकारहरू एमजी मार्गमा प्रदर्शन गरिनेछ। १३ र १४ तारिखमा नथुला, चोला, नाथाङ उपत्यका र रणभूमि दर्शनसँग सम्बन्धित अन्य ठाउँहरूमा र्याली हुनेछ।

**२६ औं बटालियन सशस्त्र सीमा बल गेजिङ्द्वारा अंतर्राष्ट्रीय पर्वत दिवस पालन**

३६ औं बटालियन सशस्त्र सीमा बल गेजिङद्वारा याङथाग निर्वाचन क्षेत्रको सरकारी माध्यमिक विद्यालय साक्योङमा कार्वाहक कमाण्डेन्ट जितेन्द्र जोशीको निर्देशनमा अन्तर्राष्ट्य पर्वत दिवस पालन गरिएकोछ। कार्यक्रममा पर्वतीय जीवन संस्कृति, पर्वतीय वातावरण संरक्षण र पर्वतीय समाजको योगदानमा केन्द्रित विशेष छलफलहरू गरिएको थियो। समारोहमा विद्यालयमा कर्मचारी, विद्यार्थी अधिकारी कर्मचारी र ३६ औं बटालियन, सशस्त्र सीमा बल, गेजिङका सबै कर्मचारीहरूको उपस्थिति रहेको थियो।

## पाकिम जिल्ला पञ्चायतले पाकिमको डीएसीमा बैठक बोलायो

पाकिम जिल्ला पञ्चायतले जिल्ला अध्यक्ष लादेन ल्हामु भुटियाको अध्यक्षतामा जिल्ला प्रशासनिक केन्द्रमा बैठक गर्‍यो।

छैटौं राज्य वित्त आयोग २०२६-२७ र १६ औं वित्त आयोग अन्तर्गत आगामी वार्षिक योजनाहरूमा यो बैठक केन्द्रित थियो जसमा क्षेत्रीय निर्वाचन क्षेत्रहरूमा विकास कार्यहरूलाई प्राथमिकतामा राखिएको थियो।

ग्राम स्तरमा जल जीवन मिशनको विस्तृत समीक्षा पनि गरियो, जसले जल –आपूर्ति पहलहरूको कुशल कार्यान्वयन र समयमै सम्पन्न गर्ने आवश्यकतामा जोड़ दिएको थियो।

## DCPU, सोरेङले बाल अधिकार कानून सम्बन्धी जागरूकता र संवेदनशीलता कार्यक्रम आयोजना गर्‍यो

जिल्ला बाल संरक्षण इकाई , सोरेङले आज सोरेङ जिल्लामा शिक्षक , अभिभावक र सरोकारवालाहरू बीच बाल संरक्षण संयन्त्रको बारेमा समझदारी बलियो पार्ने उद्देश्यले मिसन वात्सल्य योजना अन्तर्गत बाल अधिकार कानून र सेवाहरू सम्बन्धी जागरूकता र संवेदीकरण कार्यक्रम सञ्चालन गर्‍यो।

सहायक श्रम आयुक्त प्रकाश चन्द्र सुब्बाले बाल श्रम कानून, मुद्दाहरूको पहिचान र समयमै रिपोर्टिङको महत्तवको बारेमा अवलोकन प्रदान गर्नुभयो र बाल विवाह निषेध ऐन २००६ बारे पनि जागरूकता सिर्जना गर्नुभयो।